नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

आज मिति २०८३/०५/ ०१ गतेका दिन शिक्षा तथा खेलकुद मन्त्री माननीय सस्मित पोखरलज्यू र नेपालका लागि युरोपेली सङ्घ (इयू) का राजदूत भेरोनिक लोरेन्जोबिच शिष्टाचार भेटघाट सम्पन्न भयो। उक्त भेटका क्रममा नेपाल र इयूबिचको लामो समयदेखिको मैत्रीपूर्ण सम्बन्ध, शिक्षा क्षेत्रमा भइरहेको सहकार्य तथा आगामी दिनमा हुन सक्ने सहकार्य विस्तार गर्न सकिने क्षेत्रका विषयमा छलफल भयो।

भेटका क्रममा महामहिम राजदूतले नेपालको शिक्षा क्षेत्रसँगको सहकार्य इयूका लागि महत्त्वपूर्ण प्राथमिकतामध्ये एक रहेको बताउनुभयो । उहाँले इयूको नेपालको शिक्षा क्षेत्रमा सन् २०२८ देखि २०३४ सम्मको सहकार्यको दस्तावेज तयारीको काम भइरहेको जानकारी दिनुभयो। विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, डिजिटल शिक्षा र शिक्षकको पेसागत विकासका क्षेत्रमा आगामी दिनमा सहकार्य गर्न इयू तयार रहेको उहाँले बताउनुभयो। साथै शिक्षा क्षेत्रमा हुँदै आएको सहयोगलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो

माननीय मन्त्रीज्यूले विद्यालय शिक्षाको सुधारका लागि मन्त्रालयले विभिन्न नीतिगत तथा संरचनागत सुधारको काम अघि बढाइरहेको जानकारी दिनुभयो। उहाँले विद्यालय शिक्षासम्बन्धी महत्त्वपूर्ण नीतिगत दस्तावेजका रूपमा रहेका शिक्षा विधेयक तथा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम विधेयकअघि बढाइएको र सुधार गर्नुपर्ने विषयलाई पनि समेटिने बताउनुभयो। उहाँले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनको कामसमेत अघि बढिरहेको साथै शिक्षकको पेसागत विकास तथा डिजिटल शिक्षाका क्षेत्रमा पनि मन्त्रालयले काम गरिरहेको बताउनुभयो।

अन्त्यमा, इयूले नेपालको शिक्षा क्षेत्रमा पुऱ्याउँदै आएको सहयोग प्रति आभार व्यक्त गर्दै माननीय मन्त्रीज्यूले मन्त्रालयले अघि सारेका शिक्षा क्षेत्रका सुधारका विषयमा उपयुक्त सन्दर्भमा इयूसँग सहकार्य गर्न तयार रहेको उल्लेख गर्नुभयो। साथै यस क्षेत्रमा इयूसँगको सहकार्यलाई आगामी दिनमा निरन्तरता दिने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो।

शिवप्रसाद भट्टराई

सहसचिव एवम् प्रवक्ता

मिति:२०८३/०५/०१

फोन नं.:

वेबसाइट :